स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनयमा पारंगत मानिन्छिन्, सुरक्षा पन्त । 'स्टेरियोटाइप' हुनबाट धेरै हदसम्म जोगिएकी उनले लगभग हरेक फिल्ममा आफूलाई फरक चरित्रमा ढालेकी छन् । 'आमा'मा छोरी र बुहारीको भूमिका होस् वा 'बुलाकी'मा कर्णालीको दु:खी जीवन बाँचेको पात्र, उनले जुनसुकै भूमिकामा आफूलाई खरो र दह्रो रुपमा उतारेकी छन् । त्यसैले उनको चर्चा अक्सर अभिनयलाई नै लिएर हुने गरेको छ ।

**आजको विचार...**



नेपाली... (दुई पेजमा)

ललितकुमार यादव



भदौ ७ गतेदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'सतीदेवी'को ट्रेलरप्रति दर्शकीय आकर्षण बढ्दो छ। विहिबार सार्वजनिक ट्रेलर अहिले युट्युब ट्रेन्डिङमा छ। यो समाचार तयार पार्दासम्म ट्रेलरलाई १ लाख ७२ हजारभन्दा धेरै पटक हेरिएको छ। सामाजिक कथावस्तुको फिल्मको ट्रेलरको यो भ्युज उत्साहजनक अवश्य हो। रिलिजको २४ घण्टाभित्रै ट्रेलर युट्युबको ट्रेन्डिङमा स्ट्रिमिङ भैरहेको थियो। युट्युबको 'मूभिज' खण्डको तेस्रो स्थानमा ट्रेलर छ । टिजरले ६.६ हजार बढी लाइक र उल्लेख्य संख्यामा सकारात्मक प्रतिक्रिया पाइरहेको छ ।

❑ वर्ष ३० ❑ अंक २३ ❑ २०८१ साउन २३ गते बुधबार 7 August 2024, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# गुल्मी र बागलुङमा पहिरो : चार घर पुरिए, १२ जनाको मृत्यु, ६ घाइते

**हाम्रा संवाददाता**

**पाल्पा,** साउन २२/सोमबार रातिदेखि परेको अविरल वर्षापछिको पहिरोले गुल्मी र बागलुङमा वितण्ड मच्याएको छ । वर्षाका कारण यी दुई जिल्लामा पहिरो गएर चार घर पुरिनुको साथै १२ जनाको अकालमै ज्यान गएको छ ।

गुल्मीको मुसिकोटमा मंगलबार विहानैदेखि परेको अविरल वर्षाका कारण गएको पहिरोले दुई घर पुरिदा चार जनाको ज्यान गएको छ । जिल्लाको मुसिकोट नगरपालिका वडा-१ बिसौनामा चार जनाको मृत्यु भएको हो । बिसौनाका विष्णु विक र हुकुम विकको घर माथिबाट आएको लेदोसहितको पहिरोले घर पुरिएको छ । पहिरोले घर पुरिँदा ६७ वर्षीय हुकुम विक, निजका ४६ वर्षीय छोरा गोरे विक, बहिनी विष्णु विकको आमा ६६ वर्षीया मसुरी विक र विष्णु विकको ढाई वर्षीय छोरी रियन्सी विकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरीक्षक रामकुमार केसीले जानकारी दिए । त्यस्तै, पहिरोका कारण घर पुरिँदा दुई जना घाइते भएका छन् । घाइते हुनेहरुमा ३१ वर्षीय विष्णु विक र निजको श्रीमती २३ वर्षीया मुना विक रहेका छन् । उनीहरुको शरीरका विभिन्न भागमा चोट लागेको छ । घाईते उनीहरुको उपचारको लागि स्थानीय स्वास्थ्यचौकी पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



यस्तै बागलुङमा पनि पहिरोमा पुरिएर ८ जनाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन् भने ३ जना अझै बेपत्ता रहेको जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ । मंगलबार बिहान बडिगाड गाउँपालिका-९ मा एक घर पुरिँदा दुई जना र सोही पालिकाको वडा- १० आरुपाटास्थित जोगलाल बुढाको घर पुरिँदा ६ जनाको मृत्यु भएको हो । हाल देशका अधिकांश भागमा वर्षा भइरहेको छ ।

जल तथा मौसम विज्ञान विभागले लुम्बिनी प्रदेशसहित कोशी, मधेस, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मंगलबार र बुधबार भारी वर्षा रहेको जनाएको छ । विभागले बुलेटिन जारी गरी देशभर समान्यदेखि पूर्णतया बदली रही अधिकांश स्थानमा वर्षा हुने भएकाले सतर्कता अपनाउन अनुरोध गर्दै आएको छ । बुधबारसम्म भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र रातीको समयमा पानी पर्ने सम्भावना अझ बढी रहेकाले शहरी तथा तराई क्षेत्रहरुमा डुवानको जोखिम रहेको ठूला तथा साना नदी नाला र खोलाहरुमा पानीको सतह बढ्न सक्ने दैनिक जनजीवन, कृषि ,स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकाले आवश्यक सर्तकता तथा पूर्व तयारी अपनाउनु हुन सबैमा आग्रह गरेको हो ।

## संक्षिप्त समाचार

### भारी वर्षाका कारण नौ जनाको मृत्यु

**(रासस/एएफपी)**

**खार्तुम,** साउन २२/भारी वर्षाका कारण उत्तरी सुडानमा भवन भत्किँदा नौ जनाको मृत्यु भएको छ । खार्तुमबाट करिब चार सय किलोमिटर उत्तरमा रहेको सुडानको नाइल राज्यको सानो सहर अबु हमादको एउटा अस्पतालमा कार्यरत एक कर्मचारीले भने, 'घरहरू भत्किँदा नौ जनाको मृत्यु भएको छ ।' साथै, धेरै घाइतेहरू अस्पताल पुग्ने क्रम जारी छ ।

हरेक वर्ष अगस्ट महिनामा भारी वर्षाले नाइल नदीको बहावसँगै घरहरू भत्काउने, पूर्वाधारमा क्षति पुर्‍याउने र पानीजन्य रोगका कारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानिसहरूको ज्यान जाने गरेको छ । विस्थापित लाखौं मानिसलाई बाढी क्षेत्रमा पुर्‍याएको एक वर्षभन्दा बढी लडाइँपछि यस वर्ष प्रभाव अझ खराब हुने आशङ्खा गरिएको छ । अबु हमादका एक प्रत्यक्षदर्शीले टेलिफोनमा एएफपीलाई भने 'भारी वर्षाका कारण अधिकांश घर भत्किएका छन् र बजारका सबै पसलहरू क्षतिग्रस्त भएका छन् ।' गत हप्ता, लाल सागरको तटमा रहेको पोर्ट सुडानमा अचानक आएको बाढीका कारण पाँच जनाको मृत्यु भएको थियो ।

# भगवती जात्रा भाद्र ११ मा ,राष्ट्रपति पौड्याल आउँदै

**भरत शर्मा**

**पाल्पा,** साउन २२/यस वर्ष पाल्पाको ऐतिहासिक भगवती जात्रा आगामी भदौ ११ गते निकालिने भएको छ । विरताको गाथा बोकेको तानसेनको श्री ७ रणउजिरेश्वरी भगवती मन्दिरको २ सय ५ औं भगवती रथयात्रा निकाल्ने तयारी भएको हो ।

भगवती गठी व्यवस्थापन समितिले मंगलबार आयोजना गरेको छलफल कार्यक्रममा यस वर्ष गरिने जात्राका बारेमा जानकारी गराइएको छ । जात्रामा प्रमुख अतिथिका रुपमा राष्ट्रपति रामचन्द्र पौड्याललाई आमन्त्रण गरिएको समितिले जनाएको छ । छलफलमा मन्दिरको अवस्था रथयात्रा र आर्थिक समस्याका बारेमा गुठीका सदस्य पदम न्यौपानेले जानकारी गराएका थिए । उनले मन्दिर ज्यादै पुरानो भएका कारण चुहिएर समस्या परेको अवस्थामा नेपाली सेनाको दी फेमशदलले प्लाष्टिकले ढाकेर सहयोग गरेको बताए । गुठीका नाममा पाल्पा र भक्तपुरमा अवस्थित जग्गाबाट राजस्व समेत न्यून आएकाले सोबाट मन्दिर व्यवस्थापन र जात्रा सञ्चालनमा समस्या भएको न्यौपानेले गुनासो गरे । कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेशका सांसद तथा पूर्वमन्त्री वीरबहादुर रानाले ऐतिहासिक भगवती मन्दिरलाई पुरानै शैलीमा पुर्ननिर्माण गर्नका लागि आफुहरु निरन्तर पहल गर्दै आएको बताए । उनले यसको गरिमा बढाउन प्रचार-प्रसारसँगै स्रोतको खोजी गर्नु आवश्यक रहेको उल्लेख गरे । सांसद रानाले भने 'मन्दिरको आर्थिक स्रोत बढाउन विभिन्न स्थानमा रहेका पाल्पाली र भक्तजनहरुसँग सहयोग जुटाएर १ करोडको अक्षयकोष स्थापनाका लागि सबैले पहल गर्नुपर्छ ।' छलफलमा प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले मन्दिरको ऐतिहासिकता बचाई राख्न सबै क्षेत्रबाट सहयोग आवश्यक रहेको बताए । कार्यक्रममा तानसेन नगरपालिकाकी उपप्रमुख प्रतिक्षा सिंजाली, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई लगायतले भगवती जात्रा सफल पार्न सबै एक जुट हुनुपर्नेमा जोड दिए ।



-बाँकी अन्तिम पेजमा

**जनसंख्यालाई शक्ति र साधनको रुपमा उपयोग गरौं**

- जनसंख्याको असमान वितरणलाई रोकौं,
- आप्रवासीका समस्या समाधान गरौं,
- लैङ्गिक समानता कायम गरौं,
- सीमान्तकृत र लोपोन्मुख अवस्थामा रहेका जनसंख्याको संरक्षण गरौं,
- व्यवस्थित बसोबास गरौं र गराऔं,
- अव्यवस्थित बसोबासबाट पर्यावरणमा पर्ने प्रभाव न्यूनीकरण गरौं,
- बस्ती विकासलाई व्यवस्थित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**तु-आवश्यकता**

सम्पर्क : होटल श्रीनगर (प्रा.) लि.
HOTEL SRINAGAR (P) LTD.
कैलाशनगर-५, तानसेन, पाल्पा

यस होटल श्रीनगर (प्रा) लि. को लागी केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोस् ।

रेष्टुरेण्ट क्यापटेन : २ जना, वेटर : ६ जना

अनुभवीलाई विशेष प्राथमिकता
दरखास्त दिने अन्तिम मिति २०८१ साउन ३२ गते



फोन नं : ०७५-५२००४५, ९८४७१००८१२, ९८४७०४३११६ Email: hotelsrinagar@gmail.com info@hotelsrinagar.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सुनको बढ्दो मूल्य र सकस

यति बेला नेपालसहित विश्व बजारमा सुनको भाउ निरन्तर वृद्धि भइरहेको छ । एक वर्षाको अवधिमा सुन एक तोलामै करिब ३८ हजारले वृद्धि भएको छ । सोमबार मात्र एक लाख ५० हजार पुगेर हालसम्मकै उच्च रेकर्ड राखेको छ । सुनको मूल्य अझै माथि जाने भनाइहरू सार्वजनिक भइरहेका छन् । तर, विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता संस्थाका पदाधिकारी र केही स्थापित विज्ञ तथा अर्थशास्त्रीहरू भने सुनको मूल्य अहिले अस्वाभाविक रूपमा बढेको मान्दछन् । सुनको मूल्य यसरी वृद्धि हुँदै जाने हो भने सर्वसाधारण थप समस्यामा पर्ने निश्चित छ । बजारको चर्को मूल्य नियन्त्रण गर्न ब्याजदर बढाएका विश्वका केन्द्रीय बैंकहरूले सुनको माग बढाएपछि यसको मूल्य बढ्न सहयोग गरेको पाइन्छ ।

अहिलेको विश्व आर्थिक मन्दीको अवस्थामा सुनको मूल्य बढ्नुले खासै अर्थ नराखे पनि विवाह जस्ता संस्कृतिका लागि आवश्यक पर्ने भएकाले उपभोक्ता थप मारमा परेका छन् । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढेर प्रतिऔँस दुई हजार सात सय डलर पुग्ने अनुमान व्यवसायीले गरेका छन् । त्यतिबेला नेपाली बजारमा सुनको मूल्य एक लाख ६५ हजार पुग्न सक्ने उनीहरूको भनाइ छ । अर्कोतर्फ, चालु आर्थिक वर्षाको बजेटमार्फत सुनको भन्सारदर १५ प्रतिशतबाट बढाएर २० प्रतिशत पुऱ्याएकाले पनि सुनको भाउ महँगीएको हो । जसको प्रत्यक्ष असर आमउपभोक्तामा परेको छ । निरन्तर मूल्य बढ्न थालेपछि उपभोक्तामा नयाँ गहना किन्ने सामर्थ्य हराउँदै छ । बरु भएका पुराना गहना बेच्ने ग्राहकको भिड लाग्न थालेको देखिएको छ । सुनको मूल्य बढ्दै जाँदा यसप्रति सबैको चासो बढ्दै गएको प्रस्ट हुन्छ । सुनप्रति संसारका अधिकांश मानिसको धार्मिक तथा सांस्कृतिक आस्था छ । यही आस्थाका कारण परम्परागत शासकहरूले कागजी मुद्राको आविष्कार गरेर संसारमा आफ्नो प्रभुत्व जमाउन सफल भएका हुन् । अहिले यही संवेदनशीलताको उपयोग गरेर सुनलाई सुरक्षित लगानी भन्दै मानिसहरूलाई झुक्याइएको छ । यसले मानव तथा वित्तीय साधनको उत्पादकत्व घटाउने र आर्थिक अपराध बढाउनेबाहेक अर्थतन्त्रमा कुनै पनि सकारात्मक सहयोग गर्न सकेको छैन । यस्ता क्रियाकलापलाई नियन्त्रण गर्दै सुनलाई वास्तविकताका आधारमा मात्रै चल्न दिने हो भने यसको अस्वाभाविक मूल्यवृद्धि रोकिनेछ र विश्वअर्थतन्त्रमा यसले सृजना गर्ने दुष्परिणामबाट पनि बच्न सकिनेछ ।

### Opinion @ Social Network

सफलताको भोक अनि असफलताको
डर को बीचमा अल्झिरहेको छ जिवन !
*(पदम परियारको फेसबुक स्टाटसबाट www.facebook.com//pariyar.padam)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाली युवाको आजको अवस्था



## ललितकुमार यादव

*युवा अवस्थालाई विभिन्न मुलुकले फरक फरक तरिकाले परिभाषित गरेको पाइन्छ । युवाअवस्थालाई परिभाषित गर्ने विषयमा एक रूपता देखिँदैन । अधिकांश देशमा युवाको उमेर १५ देखि ३५ वर्षका बीचमा कायम गरिएको पाइन्छ । संयुक्त राष्ट्रसंघ र विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ उमेर समूहलाई युवा मानेको पाइन्छ । राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवानीति, २०७२ ले १६ देखि ४० उमेर समूहलाई युवा मानेको पाइन्छ । 'युथभिजन, २०२५' ले १६ देखि २४ वर्ष र २५ देखि ४० वर्ष गरी दुई उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरेको छ । शारीरिक र मानसिक विकासका दृष्टिले युवा भन्नाले किशोर अवस्था र वयस्क अवस्थाबीचको उमेर समूहलाई जनाउँदछ । यो जनसंख्याको सार्वधिक सक्रिय, ऊर्जावान र गतिशील समूह हो । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कूलजनसंख्याको ४२ दशमलव ५६ प्रतिशत युवाजनशक्ति रहेको छ ।*

युवाशक्ति कुनै पनि राष्ट्रको राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । युवाजनशक्तिको संख्यात्मक र गुणात्मक विकासबाट मात्रै कुनै पनि राष्ट्रको विकास र समृद्धि सम्भव छ । हरेक राष्ट्रको प्रगतिमा युवाको योगदान नै प्रमुख रहेको हुन्छ । श्रमशील, नैतिकवान, सहनशील, क्षमतावान, दक्ष, शिक्षित, स्वस्थ तथा अनुभवी युवाजनशक्तिको अभावमा राष्ट्रको प्रगति सम्भव हुँदैन । त्यसैले युवाशक्तिलाई मानवीय पूँजीनिर्माणको अग्रस्थानमा राख्नुपर्दछ । सबल मानवीय पुँजी राष्ट्रिय पुँजी निर्माणको मेरुदण्ड हो ।

युवा अवस्थालाई विभिन्न मुलुकले फरक फरक तरिकाले परिभाषित गरेको पाइन्छ । युवाअवस्थालाई परिभाषित गर्ने विषयमा एक रूपता देखिँदैन । अधिकांश देशमा युवाको उमेर १५ देखि ३५ वर्षका बीचमा कायम गरिएको पाइन्छ । संयुक्त राष्ट्रसंघ र विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ उमेर समूहलाई युवा मानेको पाइन्छ । राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवानीति, २०७२ ले १६ देखि ४० उमेर समूहलाई युवा मानेको पाइन्छ । 'युथभिजन, २०२५' ले १६ देखि २४ वर्ष र २५ देखि ४० वर्ष गरी दुई उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरेको छ । शारीरिक र मानसिक विकासका दृष्टिले युवा भन्नाले किशोर अवस्था र वयस्क अवस्थाबीचको उमेर समूहलाई जनाउँदछ । यो जनसंख्याको सार्वधिक सक्रिय, ऊर्जावान र गतिशील समूह हो । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कूलजनसंख्याको ४२ दशमलव ५६ प्रतिशत युवाजनशक्ति रहेको छ । नेपालमा क्रियाशील श्रमशक्तिसँग सम्बन्धित उमेर समूहको जनसंख्या उल्लेख्य हुनु राष्ट्रको विकास र समृद्धिका लागि राम्रो सूचक हो । तर, नेपालमा ठूलो जनसंख्या युवाको हुँदा पनि राज्यले जनसांख्यिक लाभ लिन सकिरहेको छैन । नेपालमा कृषि श्रमशक्तिको अभाव छ तर नेपाली युवाजनशक्ति खाडीमा आफ्नो श्रम बेच्न बाध्य छन् । कृषिप्रधान देश नेपालको परिचय अहिले युवा बेच्ने देशमा फेरिएको छ । युवाविकास तथा परिचालनका लागि २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो । राष्ट्रिय युवानीति तर्जुमा गरी युवाविकास र परिचालनका कार्यक्रम सञ्चालन हुँदै आएका छन् । मन्त्रालय मातहत रहने गरी राष्ट्रिय युवा परिषद्को गठन गरिएको छ । युवाकार्यक्रम संयोजन गर्न/गराउन राष्ट्रिय युवा परिषद ऐन, २०७२ जारी गरिएको छ । परिषद्लाई जिल्ला स्तरसम्म विस्तार गरिएको छ । 'युथभिजन २०२५' सहितको १० वर्षे रणनीतिक योजना निर्माण गरिएको छ ।

१५औं योजनाको आधारपत्रमा 'युवाको जाँगर समृद्धिको आधार' भन्ने मूल नाराका साथ युवालाई मुलुकको समृद्धिसँग जोडिएको छ । नेपालको संविधानमा राज्यको निर्देशक सिद्धान्तअन्तर्गत राष्ट्रिय विकासमा युवा अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने उल्लेख छ । युवालाई स्वरोजगार बनाउनका लागि युवा तथा साना लगानी स्वरोजगार सचिवालय गठन गरिएको छ । सरकारको बजेट तथा कार्यक्रममा युवाका विषय समेटिने गरिएको छ । युवाका क्षेत्रमा नीतिगत काम धेरै भएका छन् । सरसर्ती हेर्दा हामीमाझ युवानीति, योजना र कार्यक्रम सबै छ तर कार्यान्वयन पक्ष एकदमै कमजोर रहेको छ । जसले गर्दा युवाको मुद्दा सम्बोधन हुन सकेको छैन । युवा नेतृत्व विकास र बेरोजगारी समस्या हल गर्न ल्याएका नीतिगत र संरचनागत संस्थाले नतिजामुखी परिणाम दिन सकेको छैन । विभिन्न तथ्यांक अनुसार वर्षेनी पाँच लाख युवा नेपालको श्रम बजारमा थपिन्छन् । तीमध्येका पाँच प्रतिशतले मात्रै रोजगारी पाउँछन् । बेरोजगारी, गुणस्तरीय र सीपयुक्त शिक्षाको अभाव, अदक्षता तथा अर्धदक्षता जस्ता समस्या अहिले पनि नेपाली युवाका समस्या रहेका छन् । राज्यले युवालाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिरहेको छैन । अवसरको खोजीमा लाखौं नेपाली युवा भौंतारिरहेका छन् । नेपाल विश्व युवाविकास सूचकांकमा निकै पछाडि छ । दक्षिण एसियाका मुलुकहरूसँग तुलना गर्दा युवा विकास सूचकांकमा नेपाल दक्षिण एसियामा नै कमजोर छ । उल्लेख्य संख्यामा युवाहरू क्षेत्रीय, जातीय विभेद र बहिष्करणमा समेत परेका छन् । नेपाली युवाका साझा सवाल गुणस्तरीय, समयसापेक्ष र रोजगारमूलक शिक्षाको अभाव, स्वरोजगार बन्न व्यवसायी ऋणको कठिनाइ, सीप र प्रविधिको पहुँचबाट टाढा हुनु हो । जसले बेरोजगारी, अर्धबेरोजगारी र अति गरिबी निम्त्याएको छ । नेपालको सबै युवाजनशक्ति अहिले पनि आर्थिक उत्पादनसँग जोडिन सकेका छैनन् । अधिकांश युवाश्रमशक्ति अझै गुजारामुखी कृषिमा आश्रित छन् । सीमान्तकृत, अल्पसंख्यक, आदिवासी, अपांगता भएका युवामा बेरोजगारी दर झन् उच्च रहेको छ । बेरोजगारी नेपालको ठूलो समस्या हो । यसले बढाएको युवापलायन डरलाग्दो छ । नेपालमा रोजगारीको क्षेत्र विकास हुन सकिरहेको छैन । हाम्रा विश्वविद्यालय बेरोजगार उत्पादन गर्ने कारखाना बनेका छन् । शिक्षामा आमूल परिवर्तनको खाँचो छ तर यसले आकार ग्रहण गर्न सकिरहेको छैन । पढेलेखेकाले खेतीकिसानीलाई सानो काम मान्ने गरेका छन् । यस्ता कामलाई हेय दृष्टिले हेर्ने क्रम बढेको छ । नेपालको युवाजनशक्ति या त अरब देशमा रगत र पसिना बेच्न बाध्य छ या अमेरिका युरोपमा स्थायी बसोबास अनुमतिको खोजीमा कागजपत्र मिलाउन ब्यस्त छ । उल्लेख्य संख्यामा नेपाली युवाहरू अहिले अध्ययनका लागि पनि विदेश जान थालेका छन् तर अध्ययनपश्चात स्वदेश फर्किने क्रम घट्दै गएको छ । न्यूनपारिश्रमिक, श्रमको सम्मान गर्ने संस्कृतिको अभाव र युवामा राष्ट्रप्रतिको सकारात्मक सोचको क्षयीकरण जस्ता कारणले युवाजनशक्ति पलायन हुने क्रम झन् बढ्दै गएको छ । युवाजनशक्ति पलायनलाई रोक्न सक्नु नेपालका लागि ठूलो चुनौती हुन पुगेको छ । युवा पलायनले विप्रेषणको आकार बढाएको छ तर निकै सानो अंशमात्र उत्पादनको क्षेत्रमा प्रवाह भएको छ । विप्रेषणले नेपाली युवाको अवस्थामा सुधार गर्न सकिरहेको छैन ।

नेपालमा अहिलेसम्म भएका सबै राजनीतिक परिवर्तनको अग्रमोर्चामा युवाहरू रहँदै आएका छन् तर परिवर्तनपछि युवाहरूले कहिल्यै भूमिका पाएनन् । राजनीतिक दलभित्र युवाको उपस्थिति तल्लो तहमा उत्साहजनक रहेको देखिन्छ । तर, नेतृत्व र नीतिनिर्माण तहमा युवाको उपस्थिति सन्तोषजनक देखिँदैन । एकाध युवाको प्रतिनिधित्व भए पनि त्यसमा सन्तुष्ट हुनसक्ने अवस्था छैन । युवाहरूको क्षमताप्रति राजनीतिक दलहरूले विश्वास गर्न सकेको अवस्था छैन । युवा भविष्यका कर्णधार हुन् भने वर्तमानका साझेदार पनि हुन् तर, नेपाली युवाहरूलाई भविष्यको नेतृत्वकर्ता भन्दै सधैं मूलधारबाट वञ्चित गराउँदै आएको छ । वर्तमानमा युवाको अस्तित्व स्वीकार्न सकिरहेको अवस्था छैन । देशलाई विकास र समृद्धितर्फ उन्मुख गर्ने काममा युवाको महत्वपूर्ण भूमिका रहन्छ । नेपालको सन्दर्भमा भन्नुपर्दा नेपाली युवाको जनसांख्यिक तथ्यांक विकासका लागि वरदान सावित हुन सक्छ तर राज्यले युवाजनशक्तिलाई गुणात्मक रूपमा प्रयोग गर्न सकिरहेको छैन । कृषि, पर्यटन र जलस्रोत नेपालको दीर्घकालीन विकासका आधारशिला हुन् । रोजगारीका लागि यी क्षेत्रहरू निकै सम्भावना भएका क्षेत्र हुन् । अनन्त कालसम्म अस्तित्वमा रहिरहने क्षेत्र पनि हुन् तर यी तीन क्षेत्रलाई राज्यले प्राथमिकीकरण गर्न सकेको देखिँदैन न त युवाहरूकै रोजाइमा पर्न सकेको देखिन्छ । युवाजनशक्तिले राजनीतिक स्थिरता र दीर्घकालीन विकास खोजेका छन् भने राज्यले सक्षम, सबल, स्वावलम्बी, दक्ष, अनुभवी युवाजनशक्ति खोजेको छ तर मुलुकमा राजनीतिक स्थिरता कायम हुने कुनै संकेत देखिँदैन न त नेपालमै बसेर केही गर्न सकिन्छ भन्ने आत्मविश्वास युवामै देखिन्छ । यो नेपाल र नेपाली युवाको आजको वास्तविक अवस्था हो ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । | **तुला** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । |
| **वृष** : मिष्ठान्न भोजनको अवसर मिल्ने छ । धार्मिक कार्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : मित्रसँग भेटघाट हुनेछ । साथै सफल यात्राका योगपनि देखिन्छन् । |
| **मिथुन** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर बढ्नेछ । | **धनु** : नजिकको व्यक्तिबाट सहयोग पाईनेछ । शुभ समाचार सुन्न पाइनेछ । |
| **कर्कट** : विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । हिम्मत बढ्नेछ । | **मकर** : गरेका कामबाट राम्रै लाभ हुने छ । दैनिक कार्यहरूमा प्रगति नै हुनेछ । |
| **सिंह** : मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । |
| **कन्या** : जोश, जाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । | **मीन** : धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक प्रतिष्ठा प्राप्त होला । |

## कला मनोरञ्जन

# 'नमेटिने घाउ' को पोस्टरमा प्रधानमन्त्री ओली




अभिनेता रमित ढङ्गानाको निर्देशन तथा निर्माण रहेको सत्य घटनामा आधारित चलचित्र 'नमेटिने घाउ' को फस्टलुक्स पोस्टर सार्वजनिक गरिएको छ । भदौ ७ गते बाट प्रदर्शनमा आउन लागेको चलचित्र 'नमेटिने घाउ'को निर्देशक ढुंगानाले सोमबार पोस्टर सार्वजनिक गरेका हुन् । चलचित्रको सार्वजनिक पोस्टरमा प्रधानमन्त्री केपी शर्मा ओली ,प्रहरी उपरीक्षकद्वय बाल नर्सिह राणा र कुमुद ढुंगेल, प्रहरी निरीक्षक जेआर शर्मा लगायत चलचित्रका मुख्य कलाकारहरूलाई देख्न सकिन्छ । अभिनेता रमित ढङ्गानाले निर्देशन तथा निर्माण रहेको सत्य घटनामा आधारित चलचित्र 'नमेटिने घाउ' मा प्रधानमन्त्री ओलीका अलावा पूर्व प्रधानमन्त्री माधव नेपालको समेत अभिनय रहेको छ । चलचित्रमा प्रधानमन्त्री ओलीले प्रधानमन्त्रीकै भूमिका निर्वाह गरेका छन् ।चलचित्र 'नमेटिने घाउ' एसिड सर्भाइभरहरुको वास्तविक जीवनीमा आधारित छ । चलचित्रमा एसिड आक्रमणमा परेका ३३ जना पीडितहरूको कथालाई समेटेर बनाइएको छ । चलचित्रमा शिवम् अधिकारीको कथा रहेको छ । लेखक अधिकारीले पटकथा साढे दुई वर्ष लगाएर लेखेका हुन् । चलचित्रमा मुस्कान खातुन, प्राप्ति पौडेल, इभा गिरी, कमल देवकोटा, सन्दीपबाबु लोहनी, रचना गौतम, प्रभात पाल ठकुरी, आरती आचार्य, अखिल बजगाईं, अपेक्षा न्यौपाने, क्रान्ति शाह, वीरेन्द्र सिंह कुसुहा, लालना चिमोरिया, स्वस्तीमा कार्की, लिजा कोरानी, एलिसा गुरुङ, विशाल देवकोटा, आरजु अधिकारी ,आरजु लेखक लगायतको अभिनय रहेको छ । चलचित्रमा सुरवीर पण्डित, सुनिल कटुवाल पुराना अनुहार रहने छ भने मुख्य भूमिकामा अधिकांश नयाँ अनुहारहरूको अभिनय रहेको छ । रमित ढङ्गाना फिल्म प्रोडक्शनको ब्यानरमा निर्माण गरिएको यस चलचित्रमा सांसदद्वय देवेन्द्र पौडेल र ज्ञानेन्द्र शाहीको समेत अभिनय रहेको छ । चलचित्रमा नीरज कँडेलको छायाङ्कन, बनिश शाहको सम्पादन ,ओम सुनारको सङ्गीत र किरण ढकालको एक्सन रहेको छ ।

*-रातोपाटी डटकम*

# फिल्म 'माइली' को मुहुर्त




रुना इन्टरटेन्ट्मेन्टको ब्यानरमा बन्ने फिल्म 'माइली' को राजधानीको भद्रकाली मन्दिरमा मुहुर्त गरिएको छ । बाबु साहेब बलामीको कन्सेप्ट र निर्देशन रहेको फिल्मको मुहुर्त फिल्मका कलाकार र प्राविधिकको उपस्थितिमा मुहुर्त गरिएको हो । फिल्ममा प्रियंका कार्की, करिश्मा मानन्धर, शर्मिला मल्ल, कमला घिमिरे, सुष्मा लामा, अंशु महर्जन, कुसुम शर्मा, प्रिया रिजाल, गीता अधिकारी, सरिता भण्डारी, प्रितिका शर्मा, आश्मा पाण्डे र रेश्मा केसीको अभिनय हुनेछ । मुहुर्तमा अखिल नेपाल क्रान्तिकारी चलचित्रकर्मी संघका विवेक सापकोटाले क्ल्याप, सवनम मुखियाले क्यामरा, रक्षा सिंह राणाले निर्देशन गर्दा पत्रकार शान्तिप्रियले नरिवल फुटाएका थिए । नायिका प्रियंका कार्की र नव कलाकार कमला घिमिरेले मुहुर्त सट दिएका थिए । फिल्ममा प्रियंका र कमला आमाछोरीको भूमिकामा छन् । निर्देशक बलामीले सत्य घटनामा आधारित हुने भनिएको फिल्ममा महिलाको पीडा देखाइने बताए । 'दलित महिलाको श्रीमान नभएपछि समाजले ऊमाथि कस्तो दृष्टि लगाउँछ? उसका स-साना नाबालक छोरी हुर्काउन कति कठिन हुन्छ ? यहि समाज जातियताको आडमा कसरी प्रताडित गर्छ भन्ने कथा फिल्ममा देखाइनेछ', निर्देशक बलामीले भने । मंगलबारबाट छायांकन गरिने फिल्म मकवानपुरको वीरखर्ग, कुलेखानी, काठमाडौं र दुबईमा खिचिनेछ । फिल्ममा शंकर अधिकारी 'घायल'को गीत र पटकथा, सम्बाद, राजेन्द्र बजगाइको संगीत, शिव ढकालको छायांकन, केवलमान सिंह बस्नेतको प्रोडक्सन, समीर मियाँको सम्पादन र रामजी राउतको मुख्य सहायक निर्देशन छ । *-डिसी नेपाल डटकम*

# 'सतीदेवी' ट्रेलर युट्युव ट्रेन्डिङमा

भदौ ७ गतेदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'सतीदेवी'को ट्रेलरप्रति दर्शकीय आकर्षण बढ्दो छ । विहिबार सार्वजनिक ट्रेलर अहिले युट्युव ट्रेन्डिङमा छ । यो समाचार तयार पार्दासम्म ट्रेलरलाई १ लाख ७२ हजारभन्दा धेरै पटक हेरिएको छ । सामाजिक कथावस्तुको फिल्मको ट्रेलरको यो भ्यूज उत्साहजनक अवश्य हो । रिलिजको २४ घण्टाभित्रै ट्रेलर युट्युवको ट्रेन्डिङमा स्ट्रिमिङ भैरहेको थियो । युट्युवको 'मूभिज' खण्डको तेस्रो स्थानमा ट्रेलर छ । टिजरले ६.६ हजार बढी लाइक र उल्लेख्य संख्यामा सकारात्मक प्रतिक्रिया पाइरहेको छ । टिजर रिलिज भएपछि फिल्मको 'सिक्का भेटे खोटो रछ चल्दैन, मजस्तै रछ' संवाद त्यतिबेलादेखि नै चर्चामा रहेको छ ।


सो संवादमा धेरैजना त्यसमा पनि अधिकांश महिलाले रिल्स तथा टिकटक भिडियो बनाइरहेका छन् । समाजमा छोरीमात्र जन्मिनुलाई हेयभावले हेरिने गरेको नेपाली समाजको मनोविज्ञानको कथा पेस गर्ने फिल्म लामो समय सिने पत्रकारितामा बिताएका लक्ष्मण सुवेदीले निर्देशन गरेका हुन् ।

फिल्ममा मलिका महत, सन्दीपबाबु लोहनी, रमेश बुढाथोकी, कुलदीप अधिकारी, भोलाराज सापकोटाको साथमा बालकलाकार हर्षिका वली र मन्जिला बानियाँ प्रमुख भूमिकामा छन् । गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा दिलासा क्रिएसनको प्रस्तुति रहेको फिल्म श्रीदेवी सुवेदीले निर्माण गरेकी हुन् ।

सौराह दक्षिण एसियाली फिल्म फेष्टिभलमा सर्वोत्कृष्ट फिल्म, शिव रेग्मी सर्वोत्कृष्ट निर्देशक तथा तेस्रो नेपाल ग्रामिण फिल्म फेष्टिभलमा सर्वोत्कृष्ट फिल्म, सर्वोत्कृष्ट स्क्रिप्ट र सर्वोत्कृष्ट अभिनेत्री जुरी मेन्सन अवार्ड जितेको फिल्मले सार्वजनिक प्रदर्शनबाट पनि दर्शकको मन जित्ने अपेक्षा निर्देशक सुवेदीको छ ।

*-अनलाइन खबर डटकम*

# बाल मनोविज्ञानमा 'रोल नम्बर एक' बन्ने




केही वर्षदेखि नेपाली फिल्मको अन्तर्राष्ट्रिय वितरण गर्दै आएको कम्पनी सेभेन सिज इन्टरटेन्मेन्टले फिल्म निर्माणमा पनि सक्रियता बढाएको छ । यो कम्पनीको पहिलो निर्मित फिल्म 'अगस्त्य: च्याप्टर वान' थियो । यसपछि 'पूर्ण बहादुरको सारङ्गी' निर्माण गऱ्यो, जसको गत साता मात्र छायांकन सकिएको छ । अब तेस्रो फिल्मको रुपमा सेभेन सिजले 'रोल नम्बर एक' निर्माण गर्ने भएको छ । आइतबार एक थिम पोस्टरमार्फत् फिल्मको घोषणा गरिएको हो । आर्टिफिसियल इन्टेलिजेन्स 'एआइ' प्रविधिबाट तयार पारिएको पोस्टरमा कक्षा कोठाको अन्तिम बेन्चमा बसेका एक बालकले हात उठाएर आफ्नो उपस्थिति जनाएको देखिन्छ । पृष्ठभूमिमा भने विद्यार्थीहरु र पढाइरहेकी एक शिक्षिकालाई देख्न सकिन्छ । फिल्मले बालबालिकाको विषय उठाउन लागेको पोस्टरले प्रष्ट पार्छ । जोन योञ्जनको निर्देशनमा बन्न लागेको फिल्म बाल मनोविज्ञानमा आधारित रहने जनाइएको छ । यसमा महेश दवाडीको पटकथा र संवाद तथा प्रशान्त शिवाकोटीको संगीत रहनेछ । जोनले यसअघि 'बाह्र सत्ताइस', 'म राजेश हमाल' र 'आँखा' गरी तीन फिल्मको निर्देशन गरिसकेका छन् । 'रोल नम्बर एक'को दशैंपछि छायांकन गरेर आगामी वर्षभित्र विश्वव्यापी प्रदर्शनको तयारी गरिएको छ ।

*-फिल्मी खबर डटकम*

# जान्हवी कपूर खाली खुट्टा किन दौडिन ?



बलिउड अभिनेत्री जान्हवी कपूर फिल्म 'उलझ' लाई लिएर चर्चामा छिन् । यो फिल्म २ अगस्तदेखि हलमा प्रदर्शन भइरहेको छ । फिल्ममा जान्हवीको अभिनय र भूमिकालाई दर्शकले रूचाइरहेका छन् । यसैबीच 'उलझ' को क्लाइमेक्स सिनको चर्चा भइरहेको छ । फिल्मको क्लाइमेक्स सिनमा जान्हवी खाली खुट्टा दौडिरहेकी छन् । उनी भोपालमा १००० मिटर खाली खुट्टा दौडिएकी हुन् । फिल्ममा जान्हवीले एक आइएफएस अधिकारीको भूमिका निर्वाह गरेकी छन् ।

फिल्मका निर्देशक सुधांशु सरियाले फिल्मको धेरै छायांकन लन्डनमा भएको बताएका छन् । तर फिल्मको क्लाइमेक्स सिन भोपालमा छायांकन गरिएको हो । 'जुन दिन छायांकन हुँदै थियो, त्यसभन्दा एक दिन अघि पानीले पुरै छायांकन सेट बर्बाद भयो । हामीले लोकेशनलाई फेरि तयार गर्न निकै मिहेनत गरेका थियौं । सिन छायांकन हुनुअघि जान्हवीसँग केही कुराकानी गरेका थियौं । फिल्मको लागि जान्हवी १००० मिटर खाली खुट्टा दौड्नु पर्ने थियो,' उनले भने । फिल्ममा जान्हवीसँगै गुलशन देवैया, रोशन मैथ्यू, राजेश तैलंग, आदिल हुसैन, मेयाङ चाङ, राजेन्द्र गुप्ता, जितेन्द्र जोशीलगायत कलाकारको अभिनय छ । यो फिल्मले पहिलो दिन १ करोड १५ लाख भारू कमाएको छ ।

*-सेतोपाटी डटकम*

# मञ्जलीको 'झिलझिल सितारा' बजारमा




**सुमन कार्की** ———

**पाल्पा,** साउन १८/लोक गायिका मञ्जली बस्यालले झिलमिल सितारा बोलको तिज गित बजारमा ल्याएकी छन् । हिन्दुहरुको महान पर्व हरितालिका तिज नजिकिएसँगै बस्यालले उक्त गित बजारमा ल्याएकी हुन् ।

उनको यो छैठो गीति एल्वम हो । लाइभ दोहोरीमा अब्बल मानिने बस्यालको झिलझिल सितरा आृनै युटुबमामा हेर्न र सुन्न सकिन्छ । यो गितमा स्वर विशाल रायमाझी, मञ्जली बस्याल, सिमा नेपाली र रमेश सुनारको रहेको छ ।

गितमा विशाल रायमाझी लय शब्द तथा निर्देशन रहेका छन् । भिडियोमा एलिना रायमाझी, विशाल रायमाझी, सरोज प्रजा, अस्मिता रणपाल, सन्ध्या क्षेत्री ,निरज थापाको नृत्य तथा अभिनय देख्न सकिन्छ । सुनिल परियारको एरेञ्जमा रहेको अडियोको भिडियो छायाँकन भने प्रकाश खड्काले गरेका हुन् । गत बर्ष सार्वजनिक गरिएको उनको तल्लाघरे भाइ तिजगीतलाई समेत दर्शक/स्रोताहरुले अध्याधिक रुचाएका थिए । स्याङ्जाको भिरकोट नगरपालिकामा जन्मिएकी बस्याल २०७४ देखि लोक साङ्गीतिक यात्रामा लागेकी हुन् । ८ बर्षको गायन यात्रामा उनको आवाजमा अन्य आधा दर्जन गीतहरु बजारमा आइसकेका छन् । बस्यालको पहिलो गीति संग्रह बारुले कम्मर भाँच मायाले रहेको छ ।

# रामपुरका विद्यालयलाई प्याडसहित डिस्पोजल मेसिन



**पाल्पा,** साउन २२/जिल्लाको रामपुर नगरपालिकाभित्रका माध्यमिक विद्यालयहरुमा सेनिटरी प्याडसहित डिस्पोजल मेसिन वितरण गरिएको छ । नगरपालिकाले यहाँका २४ विद्यालयलाई सेनेटरी प्याड र अन्य आधारभूत तहका विद्यालयलाई सेनिटरी प्याड वितरण गरेको हो ।

यहाँका १८ मावि र ६ वटा आधारभूत विद्यालयलाई सेनिटरी प्याड वितरण गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाले ११ हजार ६२ प्याकेट सेनिटरी प्याड र १८ वटा नष्ट गर्ने मेसिन वितरण गरेको हो । नेपाल सरकारको सशर्त अनुदान सेनिटरी प्याड व्यवस्थापन कार्यक्रम अन्तर्गत कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने १ हजार ७ सय ५६ जना विद्यार्थीहरुलाई पुग्ने नगरपालिकाले सेनिटरी प्याड वितरण गरेको छ । नगर उपप्रमुख बालकुमारी थापाले प्याड वितरण गर्दै विद्यालयमा अध्ययनरत छात्राहरुलाई महिनावारीको समयमा सहज होस् भन्ने उद्देश्यले सेनिटरी प्याड वितरण गरिएको बताईन् ।

उनले विगतका वर्षदेखि नै सेनिटरी प्याड वितरण गर्दै आएको र उक्त वितरण गरेको सेनिटरी प्याडको प्रयोग पश्चात व्यवस्थापनमा समस्या हुँदै आएकाले यस वर्ष नष्ट गर्ने मेसिन समेत वितरण गरिएको बताइन् । सेनिटरी प्याड नभई नहुने भए पनि यसको प्रयोग पश्चात सहज व्यवस्थापनका लागि डिस्पोजल मेसिन महत्वपूर्ण हुने उपप्रमुख थापाले विश्वास व्यक्त गरिन् । सशर्त अनुदान कार्यक्रम अन्तर्गत अहिले पहिलो चरणमा माध्यमिक विद्यालयहरुलाई १/१ वटा डिस्पोजल मेसिन सहित र अन्य आधारभूत तहका विद्यालयलाई सेनिटरी प्याड वितरण गरेको नगरपालिकाका शिक्षा अधिकृत विकल काफ्लेले जानकारी दिए । आगामी दिनमा अन्य विद्यालयलाई पनि डिस्पोजल मेसिन प्रदान गरिने उनको भनाई छ । विद्यालयको आवश्यकता र माग अनुसार यस वर्ष सेनिटरी प्याड नष्ट गर्नका लागि डिस्पोजल मेसिन वितरण गरेको अधिकृत काफ्लेले बताए ।

सेनिटरी प्याडले छात्राहरुलाई धेरै राहत मिलेको र प्रयोग पश्चात व्यवस्थापनमा समस्या हुने गरेकोमा डिस्पोजल मेसिन पाए पछि व्यवस्थापन गर्न सहज हुने दरैठाँटी माध्यमिक विद्यालयका प्राधानाध्यापक सुन्दर प्रसाद देवकोटाले बताए । नेपाल सरकारको २० लाख रुपैयाँ अनुदानमार्फत डिस्पोजल मेसिन र सेनिटरी प्याड वितरण गरिएको नगरपालिकाले जनाएको छ ।

## खेलकुद समाचार

### इरानलाई हराउँदै नेपाल फाइनलमा



**काठमाडौं,** २२ साउन/इरानलाई हराउँदै नेपाल काभा महिला भलिबल लिगको फाइनलमा पुगेको छ काठमाडौको त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको दोस्रो सेमिफाइनलमा नेपालले इरानलाई ३-० को सोझो सेटमा हरायो ।

नेपालले पहिलो सेट २५-२१, दोस्रो सेट २८-२६ र तेस्रो सेट २५-२० ले जित्यो । योसँगै नेपालले लिग चरणमा इरानसँगको हारको बदला लिएको छ । लिग चरणमा नेपाल इरानसँग ३-२ को सेटमा पराजित भएको थियो । अब नेपालले उपाधिका लागि भोलि भारतसँग खेल्नेछ । मगलबार भएको पहिलो सेमिफाइनलमा श्रीलङ्कालाई ३-० को सोझो सेटमा हराउँदै भारत फाइनलमा पुगेको थियो । पाँच वटा देश सहभागी प्रतियोगितामा माल्दिभ्स एक अंक पनि नजोडी लिगबाटै बाहिरिएको थियो ।


## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# अनुजा शाही स्मृति कोष स्थापना




**कृष्ण पोखरेल**

**पाल्पा,** साउन २२/सामुदायिक विद्यालयमा अध्यनरत छात्राहरुको पठन पाठनमा सहयोग गर्ने उद्देश्यले अनुजा शाही स्मृति कोष स्थापना गरिएको छ । तानसेन नगरपालिकाका निवर्तमान नगर प्रमुख अशोक कुमार शाहीले छोरी अनुजाको जन्मदिन पारेर स्मृति स्थापनाको कोष घोषणा गरेका हुन् ।

२०५० साल श्रावण २२ गते तानसेनमा जन्मिएकी अनुजाको ३० बर्षको कलिलो उमेरमा २०८० साल फागुन १८ गते अमेरिकामा उपचारको क्रममा मृत्यु भएको थियो । उनको कलिलै उमेरमा मृत्यु भएपनि अनुशासन लगनशिलता र सामाजिक क्षेत्रप्रति सद्भावलाई सधै जीवन्त राख्नको लागि घरपरिवारहरुको सरसल्लाहमा अनुजा शाही स्मृती कोष स्थापना गरिएको पिता अशोक कुमारले बताए । अहिले अनुजा शाही स्मृती कोषमा १० लाख राखेको र प्रत्येक बर्ष कोषमा रकम बढाउँदै लैजाने पिता शाहीले बताए । अनुजाको अनुशासन, लगनशिलता र सामाजिक सेवाप्रतिको उत्तरदायित्व सधैंभरी जीवन्त राख्नको लागि कोष स्थापना गरिएको हो । कोषबाट प्राप्त हुने अधिकाश रकम सामुदायिक विद्यालयमा अध्यनरत छात्राहरुको पठन-पाठनमा खर्च गरिने पिता शाहीले बताए । केही रकम अनुजाले अध्ययन गरेको विद्यालय सेन्ट कपितानियो स्कुलमा अध्यनरत आर्थिक अवस्था कमजोर भएका छात्राहरुको पठन-पाठनमा खर्च गरिने उनको भनाई छ । स्मृति कोष घोषणा कार्यक्रममा जिल्ला संमन्वय समितिका प्रमुख टंकनाथ खनाल, पूर्व सांसद यावदबहादुर रायमाझी, त्रिभुवन बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख टंक पन्थ, पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना र सहायक क्याम्पस प्रमुख सन्तोष खनाल लगायतले अनुजाको अनुशासन तथा लगनशिलताका बारेमा चर्चा गर्दै अनुजाको भौतिक शरिर गुमे पनि स्मृति कोषमार्फत सधैंभरी जीवन्त रहने उत्कृष्ट कार्य घरपरिवार बाट भएको बताए ।

# भगवती जात्रा...

जात्राका लागि राष्ट्रपति रामचन्द्र पौड्याललाई आमन्त्रण गरिएकाले यस पटकको जात्रा भव्य हुने मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अशोकमान महर्जनले बताए ।

समितिका अध्यक्ष महर्जनको अध्यक्षतामा भएको कार्यक्रम समितिका सचिव प्रकाशनाथ गंगोलको सञ्चालनमा भएको थियो । नेपालले विसं १८७१ र ७२ मा भएको बुटवल जितगढीयुद्धमा अंग्रेजलाई पराजित गरेको थियो । तत्कालीन नेपाली सेनाको पाल्पा कमाण्डर कर्णेल उजिर सिंह थापाले युद्धमा जानु अघि युद्धमा जितेमा तीन तले मन्दिर बनाई भगवतीको सिन्दुरजात्रा गर्ने भाकल गरेका थिए । युद्धमा विजयी भएपछि तत्कालीन कर्णेल उजिर सिंह थापाले विसं १८७७ देखि कृष्ण जन्माष्टमीको भोलिपल्ट विजय उत्सव स्वरुप भगवती जात्रा मनाउ थालेका हुन् । जुन परम्परा आज सम्म चल्दै आएको छ ।


## हार्दिक बधाई तथा शुभकामना





यस बेथल इङ्गलिस बोर्डिङ सेकेण्डरी स्कुल तानसेन, पाल्पाका निवर्तमान प्रिन्सिपल शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व **श्री खेमबहादुर सारु** ज्यू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री जस्तो गरिमामय पदमा नियुक्त हुनु भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

रुपचन्द्र थापा — माधवप्रसाद नेपाल
प्रिन्सिपल — एवं — अध्यक्ष

**बेथल इङ्गलिस बोर्डिङ सेकेण्डरी स्कुल**
तानसेन, पाल्पा



## सन्तोष चलचित्र मन्दिरमा...



सन्तोष चलचित्र मन्दिर तानसेनमा भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ अत्याधिक दर्शकको मन पराएका नेपाली चलचित्र 'शिरफूल', 'मोदीबेनी' र हिन्दी चलचित्र 'औरों मे कहाँ दम था'

पहिलो शो : ११:३० बजे नेपाली चलचित्र 'शिरफूल', दोस्रो शो : २:३० बजे नेपाली चलचित्र 'मोदीबेनी' र तेस्रो सो साझ ५:३० बजे हिन्दी चलचित्र 'औरों मे कहाँ दम था'



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई